Regd. No. 38467/062/063
PAN: 302087624

# Ngadi Group Power Ltd.
## ङादी ग्रुप पावर लि.

Ref No: 2078/079-069

मिति २०७९/०१/२६

१. श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

२. श्री नेपाल स्टक एक्सचेन्ज लि.
युएन आई, शान्ती मार्ग, भद्रकाली प्लाजा, काठमाण्डौं ।

**विषय : जानकारी गराएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस ङादी ग्रुप पावर लि. ले विद्युत नियमन आयोगमा १:२ अनुपातमा हकप्रद शेयरको सार्वजनिक निश्काशनका लागि स्विकृती माग गरी निवेदन पेश गरेकोमा आयोगबाट कम्पनीको चुक्तापुँजी रु.७०,६९,३२,४००/- को १:१.५को अनुपातमा हकप्रद शेयर निश्काशन गर्न सहमति प्रदान गरिएको भन्ने पत्र यस कम्पनीमा मिति २०७९/०१/२६ गते अपरान्ह ४:००बजे प्राप्त भएकोले सो पत्रको फोटोकपि यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

संलग्न कागजात
१. विद्युत नियमन आयोगको पत्रको फोटोकपि

भवदीय

कम्पनी सचिव

Hanumansthan, Anamnagar, Kathmandu, Nepal
Tel: +977-1-5705159, 5705608, Website: www.siurihydro.com, E-mail: nyadigroup06@gmail.com

# विद्युत नियमन आयोग

(नेपाल सरकारको विद्युत क्षेत्रको नियामक निकाय)

प.स: ०७८/०७९
च.नं: ४३५

मितिः ०७९।१।२३

श्री डादी ग्रुप पावर लि.

काठमाण्डौं, नेपाल।

**विषयः हकप्रद शेयर निश्कासन सम्वन्धमा ।**

डादी ग्रुप पावर लि. ले सिउरी न्यादी पावर लि.को लागि मिति ०७८।०७।११ मा हकप्रद शेयर निश्काशनको स्वीकृतिका लागि आयोगमा निवेदन पेश गरेको सम्वन्धमा आयोग वैठकमा छलफल हुँदा विद्युत सम्वन्धी कम्पनीको शेयरको सार्वजनिक निश्काशनको पूर्व स्वीकृति तथा नियमन सम्वन्धी निर्देशिका, २०७८ को दफा ५ वमोजिम हुने गरि डादी ग्रुप पावर लि. ले सिउरी न्यादी पावर लि.को कुल अधिकृत जारी पुँजी रु. २ अर्व १० करोडको ५१% हिस्सा वरावरको रु १,०७,१०,००,०००।– शेयर लगानी गर्न डादी ग्रुप पावर लि. को कुल चुक्ता पुँजी रु. ७०,६९,३२,४०० को १:१.५ को अनुपातमा हुने १,०६,०३,९८,६०० वरावरको १०६०३९८६ कित्ता हकप्रद शेयर निश्काशन गर्न निम्न शर्तहरु सहित सहमति प्रदान गर्ने आयोगको मिति ०७९।१।१९ को १५६औं वैठकको निर्णयानुसार अनुरोध छ ।

शर्तहरुः

क) आयोगले ऐन, नियमावली, विनियमावली र निर्देशिका वमोजिम कार्यान्वयन गर्न र निर्दिश्ट विषय सम्पादन गर्न समय समयम आदेश वा परिपत्र जारी गर्दा सो को परिपालना कम्पनीले गर्नुपर्नेछ ।

ख) प्रचलित कानुन बमोजिम लाभकर लगायत अन्य कर वुझाउनुपर्ने भएमा सम्वन्धित निकायमा सो कर बुझाउनुपर्नेछ।

ग) कम्पनीले आयोगबाट समय समयमा जारी भएको मापदण्ड, संहिता तथा संस्थागत सुशासन सम्वन्धि निर्देशन पालना गर्नुपर्नेछ ।

घ) हकप्रद शेयर निश्कासनको सम्वन्धमा अन्य प्रचलित ऐन, नियमावली वा निर्देशिका र कम्पनीको प्रवन्धपत्र तथा नियमावलीको व्यवस्था पालना गर्नुपर्ने भएमा सो को समेत पालना गर्नुपर्नेछ ।

सुरेश श्रेष्ठ

इ.इन्जिनियर

**विद्युत नियमन आयोग**
काठमाडौं, नेपाल
इमेलः info@erc.gov.np | वेबसाइटः www.erc.gov.np
फोनः +९७७-१-४५२२४४२, ४५३९००४, ४५४३३९० | फ्याक्सः +९७७-१-४४३२५८२